# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०५।१३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी रामदरश यादवसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला धनुषा, मिथिला बिहारी नगरपालिका वडा नं.९ को वडा स्तरीय विद्यार्थी सिकाई अभिवृद्धि कार्यक्रम अन्तर्गत उक्त वडामा रहेका श्री रामजानकी प्रा.वि. र श्री आधारभुत विद्यालयका विद्यार्थीहरुको लागि पोसाक खरिद गर्दा प्रचलित बजार मूल्य भन्दा अस्वभाविक रुपमा बढी राखी भुक्तानी लिने दिने कार्यमा संलग्न **मिथिला बिहारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामदरश यादव, लेखापाल सुभाष कुमार झा र जिन्सी शाखाका प्रमुख खरिदार उपेन्द्र यादव समेतका प्रतिवादीहरु उपर** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसूरमा बिगो रु.५,३४,७१०/- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०८।१७ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०५।१३ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी